चापाकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ | चापाकोट | २०७७ फाल्गुण ०४ गते | संख्या : ७

## भाग २

## यान्त्रिक उपकरणहरु सञ्चालन सम्बन्धी कार्यविधि, २०७७

चापाकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ चापाकोट २०७७ फाल्गुण ०४ गते संख्या : ७

## भाग २

## यान्त्रिक उपकरणहरु सञ्चालन सम्बन्धी कार्यविधि, २०७७

स्वीकृत मिति : २०७७/११/०४

**प्रस्तावना** : चापाकोट नगरपालिका नगर कार्य कार्यपालिकाको कार्यालयमा रहेका यान्त्रिक उपकरण तथा साधनहरुको मितव्ययी र प्रभावकारी ढङ्गले सञ्चालन गर्न, रेखदेख तथा व्यवस्थापन गर्न तथा उक्त उपकरणहरु स-शुल्क भाडामा वा अन्य प्रयोजनका लागि उपलब्ध गराउन कार्यबिधि बनाई लागू गर्न बाञ्छनीय देखिएकोले,

चापाकोट नगरपालिका क्षेत्रको समग्र भौतिक पूर्वाधार विकास लगायत छिमेकी नगरपालिका, तथा जिल्लाहरुमा समेत निर्माण हुने भौतिक पूर्वाधारका कार्यहरुमा सशुल्क प्रयोग गर्नका लागि यस कार्यालयसँग रहेको यान्त्रिक उपकरणहरुको सञ्चालन तथा व्यवस्थापन कार्यविधिका लागि देहायका शर्त,बन्देजमा रही सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने गरी चापाकोट नगरपालिकाको नगर सभाबाट स्वीकृत गरी यो कार्यविधि कार्यान्वयनमा ल्याइएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम “यान्त्रिक उपकरणहरु सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७” रहेको छ ।

२) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :

(क) “**ऐन**” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) “**नियमावली**” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन बमोजिम बनेको नियमावलीलाई सम्झनु पर्दछ ।

(ग) “**नगरपालिका**” भन्नाले चापाकोट नगरपालिका लाई सम्झनु पर्दछ । सो शब्दले आवश्यक परेको अवस्थामा अन्य नगरपालिका र नगरपालिकालाई समेत जनाउनेछ ।

(घ) “**नगर सभा**” भन्नाले चापाकोट नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ङ) “**प्रमुख**” भन्नाले चापाकोट नगरपालिकाको नगर प्रमुख लाई सम्झनु पर्दछ ।

(च) “**उपप्रमुख**” भन्नाले चापाकोट नगरपालिकाको नगर उपप्रमुख लाई सम्झनु पर्दछ ।

(छ) “**नगर कार्यपालिका**” भन्नाले चापाकोट नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ज) “**प्रमुख प्रशासकीय अधिकृत**” भन्नाले चापाकोट नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) “**प्राविधिक**” भन्नाले चापाकोट नगरपालिकाको इन्जिनियरलाई सम्झनु पर्दछ । सो शब्दले नगरपालिकाले सेवा परामर्श लिन सम्झौता गरेको इन्जिनियरलाई समेत जनाउँदछ ।

(ञ) “**कार्यालय**” भन्नाले चापाकोट नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ट) “**प्रयोगकर्ता**” भन्नाले यान्त्रिक उपकरण सञ्चालनका लागि लिई जाने संघ, संस्था, व्यक्ति वा सरकारी निकाय सम्झनु पर्दछ ।

(ठ) “**भाडा**” भन्नाले यान्त्रिक उपकरणहरु भाडामा उपलब्ध गराउन निर्धारण गरिएको दर रेटबाट हुन आउने रकमलाई सम्झनु पर्दछ।

(ड) “**बिल**” भन्नाले यान्त्रिक उपकरण सञ्चालन गरेको अपरेसन लगसीटको आधारमा कार्यालयले भाडा बापतको रकम राजस्व खातामा जम्मा गर्नको लागि तयार गर्ने भाडा महसुल बिललाई सम्झनु पर्दछ ।

(ढ) “**अपरेटर**” भन्नाले यान्त्रिक उपकरण सञ्चालन गर्न खटिई जाने कर्मचारीलाई सम्झनु पर्दछ ।

घ. **सबारी पास** भन्नाले यस कार्यालयमा रहेका कार, जिप तथा भ्यान सार्बजनिक बिदाको दिन सञ्चालन गर्न दिईने अनुमतिपत्र सम्झनु पर्दछ । साथै सबारी पास नगरपालिकाले निर्धारण गरेको ढाँचामा उपलब्ध हुनेछ ।

४. **उद्देश्य** : चापाकोट नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालन गरिने भौतिक विकास कार्यक्रमहरु, स्थानीय नगरपालिकाबासी, संघसंस्था, नेपाल सरकारद्वारा सञ्चालित विकास आयोजनाहरु, दातृ निकायबाट सञ्चालन हुने विकास आयोजनाहरु तथा छिमेकी नगरपालिका, गाउँपालिकाहरुका विकास कार्यक्रमहरुमा समेत माग भई आए अनुसार प्राथमिकताका आधारमा प्रयोगमा पठाउन तथा उपकरण सञ्चालन विधिमा एकरुपता र सरलता ल्याउनु यो कार्यविधिको प्रमुख उद्देश्य रहेको छ ।

५. **सञ्चालन विधि** :

(१) कार्यालयको कार्य वा अन्य आकस्मिक कार्यहरुमा प्रयोग नभई यान्त्रिक उपकरणहरु खाली रहेको अवस्थामा कार्यालयको काममा बाधा नपर्ने गरी सञ्चालक समितिको सिफारिशमा नगर प्रमुखले तोके बमोजिमको भाडा लिई कुनै पनि व्यक्ति वा संघ संस्थालाई यान्त्रिक उपकरणहरु भाडामा उपलब्ध गराउन सकिनेछ ।

(२) कुनै पनि व्यक्ति, संघ संस्थालाई आवश्यक परेको उपकरण

प्रयोगमा ल्याउनका लागि देहायका प्रकृया पूरा भए पश्चात मात्र उक्त उपकरण उपलब्ध गराइनेछ ।

(क) व्यक्ति वा संस्थाबाट प्रयोगका लागि माग गरिएको अवधिको लागि कार्यालयले उपलब्ध गराउन सक्ने अवस्था भएमा संलग्न तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(ख) माग निवेदन उपर कार्यालयबाट उपलब्ध गराउने निर्णय भएपश्चात तोकिएको भाडा दर बमोजिम प्रयोगकर्ताले प्रयोग गर्न चाहेको अवधिको लागि लाग्ने भाडा रकम अग्रिम नगर कार्यपालिकाको कार्यालयमा नगदै बुझाई सोको आम्दानी रसिद वा नेपाल बैंक लिमिटेड, शाखा कार्यालय, सुन्तलेटार स्थित चापाकोट नगरपालिकाको नाममा रहेको धरौटी खाता नं. .................... मा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

(ग) तोकिएको अग्रिम शुल्क बुझाए पश्चात अनुसूची ..मा तो किएको शर्तनामा बमोजिम अनुसूची३ बमोजिमको मेशिन चलान/सम्झौता फाराम बमोजिम करार सम्झौता गर्नुपर्नेछ ।

(घ) निवेदकले माग गरिएको समयभन्दा बढी समयसम्म कामकाज गर्नु गराउनु पर्ने भएमा मेशिन अपरेटरले तत्काल कार्यालय प्रमुखलाई खबर गरी थप कार्य आदेश लिएर थप समयको रकम अग्रिम जम्मा गर्न लगाएर मात्र मेशिन सञ्चालन गर्नु पर्नेछ ।

(ङ) मेशिन प्रयोग गरे वापत प्रति घण्टा, प्रति सिफ्ट, प्रति दिनको शुल्क निर्धारण अनुसूची ४ मा तोकिए बमोजिम हुनेछ ।

(च) मेशिन फिल्डमा खटाउँदा कार्यालय कम्पाउण्डदेखि काम

सम्पन्न गरी पुनः कार्यालय फिर्ता भएसम्मको मिटरको हिसाब गणना गरी लाग्ने शुल्क मेशिन प्रयोगकर्ताले बुझाउनु पर्नेछ ।

(छ) मेशिन खटिगएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भए पश्चात मेशिन अपरेटरले कामको विवरण सहित मिटरको अद्यावधिक अभिलेख अनुसूची ५ बमोजिमको फाराममा भरी कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(ज) नगरपालिकाले आवश्यकता र औचित्यताको आधारमा निश्चित समयसम्म कार्य गर्न मेशिन सोझै उपलब्ध गराउन सक्नेछ । उक्त कामको विवरण समेत अनुसूची ६ बमोजिम अभिलेखवद्ध गर्नुपर्नेछ ।

(झ) मेशिन प्रयोग गरी तोकिएको समयभन्दा अगावै काम सम्पन्न भई प्रयोगकर्ताको धरौटी रकम सञ्चित रहेको खण्डमा कार्यालय प्रमुख/नगरप्रमुखको आदेशको आधारमा सञ्चित समय वापत हुन आउने रकम काबु बाहिरको परिस्थिति बाहेक माग गरेको एक हप्ताभित्र चेकद्वारा फिर्ता गर्नुपर्नेछ ।

६. **इन्धन तथा मर्मत सम्बन्धी व्यवस्था :**

(क) मेसिन अपरेटरले इन्धन तथा लुब्रिकेन्ट माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्वीकृत गराएर मात्र भर्नुपर्नेछ । इन्धन तथा लुब्रिकेन्ट खपतको अद्यावधिक विवरण मेशिन अपरेटरले तयार गरी इन्जिनियरको सिफारिशमा नगर प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

(ख) इन्धन तथा लुब्रिकेन्ट र मर्मत सम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत नगरकार्यपालिकाको कार्यालयको जिन्सी शाखामा अद्यावधिक गरी राखिनेछ ।

(ग) मेशिन बिग्रिएमा बिग्रिएको लिखित जानकारी मेशिन अपरेटरले डोजर् अपरेटर मार्फत कार्यालयलाई गराउनु पर्नेछ। कार्यालयबाट नगरपमुख वा निजको अनुपस्थितिमा प्रमुख प्रशासकीय अधिकृतले तोकिएको व्यक्ति मार्फत वर्कसपमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भएपश्चात मात्र मर्मत सम्भार कार्य गरिनेछ।

(घ) मर्मत सम्भारको कार्य गर्दा गराउँदा मेशिन अपरेटर वा इन्जिनियर वा जिन्सी शाखाको प्रतिनिधि वर्कसपमा रहनुपर्नेछ।

**(७) सञ्चालन शुल्क :**

कुनै व्यक्ति वा संघ संस्थाबाट यान्त्रिक उपकरण माग भई आएमा देहाय बमोजिमको शुल्क नगदै वा तोकिएको बैंक खातामा अग्रिम बुझाउनु पर्नेछ।

**(क) ब्याक हो लोडर (१५ दिनभन्दा लामो अवधिका लागि)**

| (अपरेटर र इन्धन बाहेक) | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **कामको प्रकार** | **भाडा दर** | | **कैफियत** |
| | | प्रति घण्टा | सिफ्ट | |
| १ | नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | १२०० | | |
| २ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | १२०० | | |
| **(अपरेटर सहित इन्धन बाहेक)** | | | | |
| ३ | नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | १५०० | | |
| | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | १५०० | | |
| **(अपरेटर र इन्धन सहित)** | | | | |
| | नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | २२०० | | |

| | | | | |
|---|---|---|---|---|
| | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | २५०० | | |

**(ख) १५ दिनभन्दा कम अवधिका लागि**

| (अपरेटर र इन्धन बाहेक) | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **कामको प्रकार** | **भाडा दर** | | **कैफियत** |
| | | प्रति घण्टा | सिफ्ट | |
| १ | नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | १२५० | | |
| २ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | १२५० | | |
| **(अपरेटर सहित इन्धन बाहेक)** | | | | |
| ३ | नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | १६५० | | |
| | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | १६५० | | |
| **(अपरेटर र इन्धन सहित)** | | | | |
| | नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | २३०० | | |
| | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | २५५० | | |

**(क) एस्काभेटर (१५ दिनभन्दा लामो अवधिका लागि) ३२०**

| (अपरेटर र इन्धन बाहेक) | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **कामको प्रकार** | **भाडा दर** | | **कैफियत** |
| | | प्रति घण्टा | सिफ्ट | |
| १ | नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | १२०० | | |
| २ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | १२०० | | |

| | | | | |
|---|---|---|---|---|
| (अपरेटर सहित इन्धन बाहेक) | | | | |
| ३ | नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | ४५०० | | |
| | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | | | |
| (अपरेटर र इन्धन सहित) | | | | |
| | नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | ५२०० | | |
| | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | | | |

**नोट – ब्रेकर सहित एस्काभेटर संचालन गरेमा प्रति घण्टा रु १३०० थप भाडा लाग्ने छ ।**

## (ख) १५ दिनभन्दा कम अवधिका लागि

| (अपरेटर र इन्धन बाहेक) | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **कामको प्रकार** | **भाडा दर** | | **कैफियत** |
| | | प्रति घण्टा | सिफ्ट | |
| १ | नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | | | |
| २ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | | | |
| (अपरेटर सहित इन्धन बाहेक) | | | | |
| ३ | नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | | | |
| | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | | | |
| (अपरेटर र इन्धन सहित) | | | | |
| | नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | | | |
| | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | | | |

## (ख) ट्रक ट्रिपर (३० दिन भन्दा लामो समयका लागि)

| (अपरेटर र इन्धन बाहेक) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कामको प्रकार | भाडा दर | | कैफियत |
| | | प्रति घण्टा | सिफ्ट | |
| १ | नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | | ५००० दिन | |
| २ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | | ५५०० दिन | |
| (अपरेटर सहित इन्धन बाहेक) | | | | |

## रोलर प्रति दिन

| | | | | |
|---|---|---|---|---|
| ३ | नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | | ६००० दिन | |
| | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | | ६५०० दिन | |
| (अपरेटर र इन्धन सहित) | | | | |
| | नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | | १०००० दिन | |
| | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | | ११००० दिन | |

| (चालक र इन्धन बाहेक) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कामको प्रकार | भाडा दर | | कैफियत |
| | | प्रति घण्टा | सिफ्ट | |
| १ | नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | | १०००० दिन | |
| २ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | | १२००० दिन | |

**८. कर्मचारी व्यवस्था**

(क) ब्याक हो लोडर सञ्चालनका लागि १ जना अपरेटर र आवश्यक परेमा सहयोगी १ जना स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम करार सेवामा नियुक्त गरिनेछ ।

(ख) ट्रिपर ट्रक सञ्चालनका लागि १ जना चालक र आवश्यकतानुसार एक जना सहयोगी कानून बमोजिम करार सेवामा नियुक्त गरिनेछ।

(ग) एस्काभेटर संचालनका लागि १ जना अपरेटर र आवश्यक परेमा सहयोगी १ जना स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम करार सेवामा नियुक्त गरिनेछ ।

(घ) करारमा नियुक्त कर्मचारीको सेवा सुविका करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**९. सञ्चालन तथा व्यवस्थापन समिति**

नगर कार्यपालिकाको यान्त्रिक उपकरणहरुको सञ्चालन तथा व्यवस्थापनका लागि नीतिगत तथा निर्देशनात्मक व्यवस्थाका लागि तपसिल बमोजिमको सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| नगरपालिका प्रमुख | - संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| नगरप्रमुखले तोकेको दुई जना अध्यक्ष | - सदस्य |
| प्राबिधिक शाखा | - सदस्य |
| जिन्सी शाखा प्रमुख | - सदस्य |

**१०. यसै बमोजिम मानिने**

(१) यस कार्यविधि जारी हुनुभन्दा पहिले भएका कामकारबाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ। बक्यौता वा हिसाब किताब गर्न बाँकी रहेको भए यस कार्यविधिभन्दा न्यून हुने गरी हिसाब मिलान गर्न पाइने छैन ।

**११. विविध**

(१) नगरपालिकामा रहेका सवारी साधन तथा यान्त्रिक उपकरणहरु कार्यालय प्रमुखको पूर्ण नियन्त्रणमा रहनेछन् । सवारी साधन तथा यान्त्रिक उपकरणहरु चुस्त दुरुस्त राखी मर्मत सम्भार गर्नु पदाधिकारी, र कर्मचारी सबैको दायित्व हुनेछ ।

(२) यान्त्रिक उपकरणको माइल मिटर आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटर र चालकको हुनेछ ।

(३) उपकरण फिल्डमा खटाउने वा नखटाउने सिफारिश चालक/अपरेटर र इन्जिनियरको हुनेछ ।

(४) यस कार्यविधिमा समयानुकुल आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा सञ्चालन तथा व्यवस्थापन समितिको राय बमोजिम नगर कार्यपालिकाले थपघट वा संशोधन गर्न सक्नेछ ।

२०७७ चैत्र ०५ गते

**आज्ञाले**

**ध्रुव खनाल**

**प्रमुख प्रशासकीय अधिकृत**